# मोरङ जिल्ला अदालत

## विराटनगर

## (प्रशासन शाखा)

पत्र संख्या :०७५/०७६
चलानी नं. :

फोन नं.: ०२१-५२१२३९, ५२२६४२
फ्याक्स नं.: ०२१-५२१२३९
Email : info.dcmorang@supremecourt.gov.np
Website(Central):www.supremecourt.gov.np

मितिः २०७६।०२।३०

**सूचना!!** **सूचना!!!** **सूचना!!**

**विषयः- वैतनिक कानून व्यवसायी पदका लागि दरखास्त आह्वान सम्बन्धमा।**

प्रस्तुत विषयमा यस अदालतको मिति २०७६।०२।२९ को निर्णय अनुसार यस अदालतमा रिक्त हुने वैतनिक कानून व्यवसायी पदको लागि जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१ (२) बमोजिम खुल्ला प्रतिस्पर्धाका आधारमा छनौट गरी पदपूर्ति गर्नुपर्ने भएकाले देहायको काम, कर्तव्य तथा सेवाको शर्त बमोजिम योग्यता पुगेका इन्छुक कानून व्यवसायीहरूले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र नेपाली नागरिकता र कानून व्यवसायीको प्रमाण-पत्रको प्रतिलिपी साथै राखी यस अदालतको प्रशासन शाखामा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।म्याद नाघी आएको र रीत नपुगेको दरखास्त उपर कुनै कारबाही हुने छैन। दरखास्त दिने कानून व्यवसायीहरुले दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट दिनको १:०० बजे सक्कल प्रमाणपत्र सहित यस अदालतमा सम्पर्क राख्नु पर्नेछ।

**वैतनिक कानून व्यवसायीको काम, कर्तव्य तथा सेवाको शर्तहरू:**

१. पक्षले दिएको निवेदनको आधारमा वा अदालतले तोकेका मुद्दामा असहाय, अशक्त, नाबालक, आर्थिक रूपमा विपन्न वा थुनामा रहेका व्यक्तिको तर्फबाट आवश्यक कानूनी लिखत तयार गर्ने र बहस पैरवी गर्ने,
२. मुद्दासँग सम्बन्धित विषयमा परामर्श दिने,
३. मुद्दाको कारबाहीको अवस्थाका सम्बन्धमा जानकारी दिने,
४. अदालतले तोकेको कारागारको भ्रमण गरी असाहय, असक्षम पक्षलाई कानूनी सहायता प्रदान गर्ने।
५. प्रचलित कानून बमोजिम कानून व्यवसायीले पालना गर्नुपर्ने आचरण समेत पालना गर्नुपर्ने।
६. सार्वजनिक बिदा वाहेक प्रत्येक महिना सम्बन्धित अधिकारीबाट स्वीकृत गराई बढीमा तीन दिन बिदा लिन सक्ने।
७. अदालतले तोके बमोजिमको मासिक पारिश्रमिक र सुविधा पाउने र पदावधि १ वर्षको हुनेछ।

२०७६।०२।३०

.............................
इश्वरमणी ओझा
स्रेस्तेदार (उप-सचिव)